आज मिति २०७६/०८/१० गते मंगलबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ७४ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

## अन्य उपस्थिति

| | |
|---|---|
| वीरध्वज लिम्बु | योजना शाखा |
| विवेक श्रेष्ठ | रोजगार संयोजक |
| अरुण खनाल | शिक्षा शाखा |
| भीम ब० बुढाथोकी | का० स० |

प्रस्तावहरु

१। समपूरक अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ विराटनगरको मिति २०७६/७/२ च.नं. ८७ को समपुरक अनुदान सम्बन्धमा प्राप्त पत्रानुसार यस गाउँपालिकालाई तपशिलको योजना कार्यान्वयनको लागी समपूरक अनुदान हुने भएकोले तपशिल बमोजिम गाउँपालिकाको समपुरक कोषबाट रकम थप गरी उक्त योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र सं. | योजनाको नाम | ठेगाना | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रकम रु | गाउँपालिकाबाट समपुरक कोषबाट थप गर्ने रकम रु | कै. |
|---|---|---|---|---|---|
| १ | खरखरे पानीट्यांकी छिपछिपे थुम्के सडक स्तरोन्नती | माईजोगमाई गाउँपालिका | १००००००००/- एक करोड | ३००००००/- तीस लाख | टेण्डर प्रकृयावाट |

२। कार्यक्रम माग सम्बन्धमा ।

सामजिक विकास मन्त्रालयको आर्थिक वर्ष ०७६/७७ को निति तथा कार्यक्रममा प्रस्तुत भएको ज्येष्ठ नागरिक दंन्त उपहार कार्यक्रम साझेदारीमा गर्न माग लेखि पठाउने निर्णय गरियो साथै उक्त कार्यक्रम स्वीकृत भएमा यस गाउँपालिकाबाट व्यहोरनु पर्ने रकम तथा नियमानुसार गर्नुपर्ने अन्य कामहरु गर्न प्रतिबद्धता सहित मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

३। विद्युत विस्तार कार्यक्रमको म्याद थप र कार्य प्रगति सम्बन्धमा ।

गत आ.व. ०७५/७६ को स्वीकृत कार्यक्रम विद्युत विस्तार कार्यक्रमको निरन्तरता आ.व. ०७६/०७७ को पुष मसान्त सम्म म्याद थप गरी विद्युत विस्तार कार्यक्रम गर्ने ठेकेदारलाई निर्देशन गर्ने निर्णय गरियो साथै सो कार्यको लागि आवश्यक समन्वय गर्ने वडा समितिलाई निर्देशन दिने र कार्यप्रगती विवरण तयार गरी कार्यालयमा प्रतिवेदन पेश गर्न गाउँपालिकाको मुल्यांकन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

४। ठेक्का नं. MJRM/NCB/Work/2076-77-4 सम्बन्धमा ।

यस माईजोगमाई गाउँपालिकाको कार्यालय नयाँबजार ईलाम द्वारा यस आ.ब. २०७६/०७७ का विभिन्न निर्माण सम्बन्धि योजनाहरुको कार्यान्वयनको लागी ठेक्का नं. १, २, ३ र ४ को लागी विधुतिय वोलपत्र आव्हानको सूचनामा उल्लेखित म्याद भित्र दर्ता हुन आएका वोलपत्रहरुको मुल्यांकन समेत गरी निर्माण कम्पनीको बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ सम्बन्धित व्यवसायीहरुको जानकारीका लागी मिति २०७६/७/२९ गते नागरिक दैनिक राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित भएकोमा ठेक्का नं. ४ सम्बन्धमा मिति २०७६/८/२ गते किराँत निर्माण सेवा ईलाम ७ ले दर्ता गराएको २ वटा निवेदनहरु क्रमश Contract No: MJRM/NCB/WORK/076/077-4 सम्बन्धमा र आसय पत्र सम्बन्धमा छलफल गर्दा सर्वप्रथम उक्त ठेक्काको विधुतिय टेण्डर गर्दा आईटम नं. २.१.५ को ईकाइ मा त्रुटि भएको ( इकाई MT हुनुपर्नेमा KG भएको) ले लागत अनुमानमा अस्वभाविक असर पर्ने देखिएको र समग्र मुल्यांकन प्रकृयामा त्रुटि हुन गएको पाईयो साथै उक्त ठेक्काको आसय पत्र जारी भएपनि उक्त ठेक्काको सिफारिस भएको बोलवत्र स्वीकृत नगरी ठेक्का Contract No: MJRM/NCB/WORK/076/077-4 खरिद प्रकृया रद्द गर्ने निर्णय गरियो ।

५। माईजोगमाई युवा क्लवले वाला चतुर्दशीमेलाको अवशरमा सञ्चालन गरेको सांस्कृतिक कार्यक्रममा भएको खर्च मध्ये विभिन्न जातिय तथा धार्मिक झाकिहरुलाई प्रोत्साहन स्वरुप रु १५ हजार र अन्य खर्चको लागि रु १५ हजार एकमुष्ठ रु ३० हजार मात्र विविध खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

६। यस माईजोगमाई गाउँपालिका वडा नं. ४ स्थायी बसोबास भएको श्री त्रिलोचन लुईटेलको छोरा श्री निरोज लुईटेल त्यस क्षेत्रको पशुपालक कृषकलाई सेवा पुर्‍याने गरी स्थानिय क्षेत्रमा बसि कामकाज गर्ने प्रतिबद्दता साथ पशुनश्ल शुधारका लागि १५ दिने कृतिम गर्भधान तालिम लिन चाहेको र उक्त तालिमका लागि आर्थिक अभाव रहेकोले निजलाई उक्त तालिमका लागि पशु सेवा तालिम केन्द्र, दुहवी सुनसरीमा बुझाउनु पर्ने रकम रु १५ हजार मात्र तालिममा सहभागि हुने निश्चित भए पछि उपलब्ध गराउने निर्णय गरियो ।

७। माईजोमाई गाउँपालिकामा - २ मा रहेको डाँफे क्लबले सञ्चालन गरिरहेको लात्ते भकुन्डो प्रतियोगिताका लागि विभिन्न खेलकुद क्लबलाई सहयोग शिर्षकबाट रु ३० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

८। मितिः २०७६/०८/१७ गतेका दिन पर्ने अन्तराष्ट्रिय अपांगता दिवस भव्यताका साथ मनाउने निर्णय गरियो र उक्त कार्यका लागि अपांगता समन्वय समितिलाई निर्देशन गर्ने निर्णय गरियो । उक्त कार्यका लागि फोकलपर्शन सा.प. श्री श्याम कुमार लिम्बू सम्बो लाई तोकीयो ।

९। प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि योजना सिफारिस सम्बन्धमा ।
नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम ) मितिः२०७६/७/२६ गते च.न.६४ को पत्र अनुसार कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६) बमोजिम हुने गरी देहाय बमोजिमको कार्यक्रम सिफारिस गर्न माईजोगमाई गा.पा.का प्रविधिकहरुलाई निर्देशन दिने र समयमा नै लागत स्टिमेट तयार गरी स्विकृतिका लागि सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो ।

देहायः

| क्र.स. | योजनाहरुको नाम/गाउँपालिका योजना बैंक क्र.स. | योजना क्षेत्र (वडा न.) | लागत अनुमान (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १ | शंखबुङ आ.वि. घेरावारा२०- | १ | १० | |
| २ | पाठक खोल्सा मुहान गरी प्रेमेजुङ्ग खानेपानी योजना २३- | १ | २० | |
| ३ | शंखबुङ जोगमाई खोला मोटरबाटो निर्माण तथा मर्मत३७- | १ | ६० | |
| ४ | त्रिपल आर सडक बाट बस्नेत गाँउ हुँदै खोपिखर्क जोड्ने सडक३८- | १ | ५० | |
| ५ | सर्वेखोला रसाईली गाँउ क्षेत्री डाँडा सिंचाई आयोजना४०- | १ | १५ | |
| ६ | सिंहदेवी मन्दिर डिपिआर तथा निर्माण६२- | १ | | |
| ७ | जातीय संग्राहलय निर्माण६३- | १ | १०० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | सुनारगाँउ मुहान भई लप्सीवोटे खानेपानी योजना२१- | १ | २० | |
| ९ | वालागूरु शिवालय धाममा बहुतले निर्माण६५- | १ | | |
| १० | कृषिमा अर्ग्यानिकरण कार्यक्रम७४- | १ | ७० | |
| ११ | सबै घरधुरीमा गोठ तथा भकारो सुधार कार्यक्रम७५- | १ | ३० | |
| १२ | नयाँबजार ६-मेघमा सडक – जौबारी – थुम्के – | (२ ,६) | | |
| १३ | शनिश्चरे वडा कार्यालय ज्योती आ.वि.भित्ते धोत्रे अक्कर देवी थान हुँदै तारे डढेली मेग्मा४२- | २ | ५० | |
| १४ | जोगामाई खोला विजुवा गाँउ धारेगाँउ सिंहदेवी आ.वि. हुँदै कठेत गाँउ थुम्के ४३- | २ | ४० | |
| १५ | सुर्योदय गुम्बापथ आरुवोटे जोगमाई खोला हात्तिटार ईनपा सडक४४- | २ | २०० | |
| १६ | चीयावारी खोल्सी मुहान गरी काफ्लेगाउँ पाठक गाँउ खानेपानी योजना२४- | ३ | ५० | |
| १७ | इ.न.पा. बज्रदेवी २ - नयाँबजार सडक -शुक्रबारे – हात्तिटार – | ३ | | |
| १८ | टारी शुक्रवारे गडेरे सोयाङ ईनपा सडक स्तरोन्नती४६- | ३ | २०० | |
| १९ | साततले झरना पर्यटन प्रवर्धन कार्यक्रम६९- | ३५+ | ११० | |
| २० | कृषिमा प्राङगारीक कार्यक्रम७६- | ३ | १०० | |
| २१ | ओखरबोटेगोपिनी -चित्रे-शुक्रबारे-सिरदले-चार वरपिपल-१६७ -सोयाङ सडक स्तरउन्नति | ३ | ७ वि. | |
| २२ | नामसालिङ मूल खानेपानी आयोजना१७७- | ३ | ४ वि. | |
| २३ | सु न पा इ न पा – बज्रदेवी – हात्तीटार -घुमाउने– प्रेमजुंग – ५-सडक | ४ | | |
| २४ | माईबेनी – शुक्रवारे –थुम्के जौबारी हुँदै मेघ्मा पदयात्रा – १६ - मार्ग विकास परियोजना | ४ | | |
| २५ | ज्योती स्पोटिङ क्लब रंगशाला निर्माण २५ - | ४ | ५० | |
| २६ | हात्तीटार आ वि पुर्वाधार निर्माण २७ - | ४ | २० | |
| २७ | स्वास्थ्य चौकी स्थापना नौलेगाँउ २९- | ४ | ५० | |
| २८ | नेपाल ज्योती आवि भौतिक पुर्वधार २८ – | ४ | १०० | |
| २९ | सोयाङ खोला तिलक गोलाई सडक स्तरोन्नती५१- | ४ | ५० | |
| ३० | वनपाला झिल निर्माण६८- | ४ | ५० | |
| ३१ | कालीखोला मुहान गरी टोल नं ५ खानेपानी योजना३०- | ५ | ५० | |
| ३२ | टोल नं ५ को विकासे सिंचाई कुलो मर्मत३२- | ५ | २० | |
| ३३ | खडका गोलाई थरी गाँउ सडक५३- | ५ | ५० | |
| ३४ | सोयाङ खोला तिलक गोलाई सडक स्तरोन्नती५१- | ५ | ५० | |
| ३५ | ऐतिहासिक लाप्चा गढी संरक्षण कार्यक्रम७२- | ५ | २० | |
| ३६ | वडा नं ५ वृहत कफिखेतीको लागी कार्यक्रम७६- | ५ | २० | |
| ३७ | वडा नं ५ किवि पकेट क्षेत्र कार्यक्रम७७- | ५ | ५० | |
| ३८ | मलुपोखरी क्षेत्र डिपिआर तथा पर्यटन प्रवर्द्धन कार्यक्रम७०- | ३५+ | | |
| ३९ | वोयर जातको विउ वोका तथा बाख्रा पालन कार्यक्रम७९- | ५ | २० | |
| ४० | प्याङ माविघेरावारा३६- | ६ | २० | |
| ४१ | फलाटे खानेपानी मर्मत तथा विस्तार कार्यक्रम- | ६ | १०० | |

| | | | | |
|---|---|---|---|---|
| ४२ | रातमाटे टोल न. ५ पर्सु काफ्लेको घरदेखि टोल न. ४ सोयङ जीवन गोलाई जोड्ने सडक मर्मत तथा विस्तार२३०- | ६ | | |
| ४३ | माईखोला रुलुक प्याङ मा वि पञ्चमी गुम्वा डाँडा सडक स्तरोन्नती५५- | ६ | ५० | |

१०। रोजगारीको हक संम्बन्धि नियमावली, २०७६ (पहिलो संसोधन) मुल नियमावली १४ को उपनियम (१) मा नाम भएको व्यवस्था बमोजिम स्थानीय निर्देशन समिति तपशिल बमोजिम हुने गरी निर्णय गरियो ।

तपशिलः

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | गा.पा.अध्यक्ष | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | गा.पा.उपाध्यक्ष | उपाध्यक्ष |
| श्री चन्द्रप्रकाश बस्नेत | प्र.प्र.अ. | सदस्य |
| श्री डम्बर ब. सुवेदी | २ न. वडा अध्यक्ष | सदस्य |
| श्री भवानी प्रसाद लिङ्दम | ३ न. वडा अध्यक्ष | सदस्य |
| श्री विवेक श्रेष्ठ | रोजगार संयोजक | सदस्य सचिव |

११। प्राविधिक तथा व्यवसायिक धारको कक्षा सञ्चालन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस माईजोगमाई गाउँपालिकाको केन्द्रमा रहेको श्री अमर कल्याण मा.वि. ले प्रविधिक तथा व्यवसायिक धारको कक्षा सञ्चालन गर्नका लागि मितिः२०७६/८/६ गते च. नं. ४० को निवेदन पेश गरेकोमा यस गाउँपालिकाको शिक्षा समितिको मितिः२०७६/५/२२ गतेको वैठकमा समेत छलफल गर्दा आवश्यकता, भौतिक पुर्वधारको अवस्था तथा भौगोलिक सुगमताका आधारमा उक्त विद्यालयमा प्राविधिक तथा व्यवसायिक धार तर्फको Computer Engineering तर्फको कक्षा सञ्चालन गर्न उपयुक्त देखिएकोले शैक्षिक सत्र २०७७ बाट सञ्चालन गर्न सहमति दिने निर्णय गरियो ।

१२ । करार शिक्षक व्यवस्थापन सम्बन्धमा ।

यस माईजोगमाई गाउँपालिका क्षेत्र भित्र कार्यरत देहाय बमोजिमको करार शिक्षक शिक्षा विकास तथा समन्वय इकाई इलामको मितिः२०७६/८/८ गतेको च.नं. ७१६ को पत्र अनुसार स्थायी हुनु भएका शिक्षकहरुलाई पदस्थापन गर्दा विस्थापन हुनु भएकाले देहाय बमोजिमका विद्यालयहरुमा रिक्त रहेका पदहरुमा देहाय बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

देहायः

| क्र.स. | नाम/थर | पद/तह | विस्थापित भएको विद्यालय | व्यवस्थापन भएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुस्मा वेगा | प्रा.वि. | श्री सरस्वति मा.वि. माईजोगमाई-५ | श्री नामसालिङ्ग मा.वि. , | रिक्त राहात दरवन्दीमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | माईजोगमाई-३ | |
| २ | कमल बहादुर खत्री | प्रा.वि. | श्री सरस्वति मा.वि. माईजोगमाई-५ | श्री सूर्यदय आ.वि. माईजोगमाई-३ | रिक्त राहात दरवन्दीमा |

१३। नामसालिङ्ग मा.वि.को विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

यस गाउँपालिकाको मितिः२०७६/६/१२ गते बसेको ७१ औं कार्यपालिकाको वैठकको निर्णय नं. १० मा भएको निर्णय अनुसार माईजोगमाई गाउँपालिकाको शिक्षा नियमावली,२०७६ (पहिलो संसोधन सहित) मा भएको व्यवस्था बमोजिम हुने गरी श्री नामसालिङ्ग मा. वि. माईजोगमाई-३ को विद्यालय व्यवस्थापन समिति विगठन गरी नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्न श्री नामसालिङ्ग मा.वि. लाई निर्देशन दिने निर्णय गरियो साथै सो कार्यका लागि आवश्यक सहजिकरण गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

१४. सडक खण्ड डिपिआर गर्ने सम्बन्धमा ।

उपरोक्त विषयमा छलफल गर्दा यस गाउँपालिकाको तपसिलको मुख्य सडक खण्डको गाउँपालिकाको आ.व. २०७६/७७ को पूँजीगत अनुसन्धान तथा परामर्श सेवा शिर्षकबाट खर्च व्यहोर्ने गरी डिपिआर (Detail Project Report) तयार गर्ने निर्णय गरियो ।

| सि.नं. | सडक खण्डको नाम | ठेगाना | अनुमानित लम्बाई | कैफियत |
|---|---|---|---|---|
| १. | भोटेसाँघु संखावुङ गुरुङ गाउँ हुँदै लप्सीवोटे वाट फिक्कल नयाँबजार मूल सडक जोडने सडक खण्ड | माईजोगमाई वडा नं. १ र २ | ८ कि.मि | |
| २. | माईखोला रुलुक प्याङ मा.वि. पञ्चमी गुम्बा डाँडा थुम्के सडक खण्ड | माईजोगमाई वडा नं. ६ र २ | १५ किमि. | |

१५. गाउँपालिकाका अध्यक्षज्यूको बैदेशिक भ्रमण सम्बन्धमा ।

यस गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्यूलाई संयुक्त राज्य अमेरिकामा बसोवास गर्ने प्रवासी नेपालि समुदायहरुको साझा संस्था न्यू हेम्पसायर नेपाली कम्युनिटि (NHNC) ले सन् २०१९ डिसेम्वरमा १४ आयोजना गर्ने " The Viabilities and Investment Opportunities in Rural Areas in Nepal from Diaspora" विषयमा NHNC Panel Discussion मा प्यानलिष्टको रुपमा सहभागीहुन निमन्त्रणा पठाईएको हुँदा सन् २०१९ डिसेम्बर १० देखि २० सम्म भ्रमण अवधि हुने गरी र भ्रमण सम्बन्धी सम्पुर्ण खर्च आयोजक संस्थाबाट व्यहोर्ने गरी उक्त कार्यक्रममा सहभागी हुन स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. ५ मा भएको व्यवस्था बमोजिम मनोनयनको लागी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष सिफारीस गरी पठाउने निर्णय गरियो ।

१६। विविध

क. विपन्नलाई आर्थिक सहायता सम्बन्धमा माईजोगमाई गाउँपालिका स्थायी ठेगाना भएका तपिशलका व्यक्ति/परिवारलाई विपन्नलाई आर्थिक सहायता शिर्षकबाट खर्च हुने गरि सहायता रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र सं. | व्यक्ति वा परिवारको नाम | स्थायी ठेगाना | विरामीको किसिम | सहायता रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | निवेदक: दिनेश देवान<br>विरामीको नामः दमन्ती देवान | माईजोगमाई ४ नामसालिङ | क्यान्सर | रु १५ हजार मात्र । | संलग्न कागजात:<br>वडा कार्यालयको सिफारिस,<br>डा. दिपा गौतमको<br>विपन्न नागरिक आवेदन तथा सिफारिस पत्र |

ख. माहिजोगमाई गाउँपालिकाको योजना ईकाई प्रमुखले पेश गर्नु भएको प्रथम चौमासिक प्रगति प्रतिवेदन २०७६ माथि छलफल गरियो ।

ग. माईजोगमाई गाउँपालिकाको हेब्वी इक्प्युमेन्ट सञ्चालन समितिको सदस्य सचिवबाट पेश गर्नु भएको हेब्बी इक्प्युमेन्ट सञ्चालन प्रथम चौमासिक प्रगति प्रतिवेदन २०७६ माथि छलफल गरियो ।